# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

**२०७४ वैशाख २२ गते**

## आयोगद्वारा दुवईबाट फिर्ता भएका ४४ महिलाको अवस्थाको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोलीद्वारा यही वैशाख २१ गते दुवईबाट फिर्ता भएका ४४ जना महिलाको अवस्था सम्बन्धमा अनुगमन गरेको छ । टोलीले अध्यागमन विभागसँग घटनाको बारेमा जानकारी लिएको थियो भने फर्काइएका सबै महिलाहरूसँग भेटेर उनीहरुको अवस्थाको बारेमा सोधपुछ एवं जानकारी लिएको छ ।

वैदेशिक रोजगारीका लागि कुवेत जान हिंडेका ४४ जना महिलाहरू भारतको बाटो हुँदै दुवई पुगेका थिए । दुवई अध्यागमनले कुवेत जाने अनुमति नदिंदा अलपत्र परेकाहरूको सकूशल उद्धार गरी नेपाल फर्काइएको सो घटनाको सम्बन्धमा आयोगले अनुगमन तथा अनुसन्धान पक्रिया अगाडि बढाएको छ । वैदेशिक रोजगारीमा जानेहरूले विभिन्न कारण भोग्दै आएका समस्याहरूमा संवेदनशील भई तत्काल सम्बोधन गर्न आयोग नेपाल सरकार, वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगारमा पठाउने नीजि क्षेत्रहरुलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org